आज मिति **२०८२ माघ २८** गते बुधबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपासिल बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा **चालू आ.व. २०८२/०८३** को **बाह्रौं** गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री रमेश कुमार कार्की | सचिव | |

**आमन्त्रित**

गोविन्द बस्नेत सहायक कम्प्युटर अपरेटर

**निर्णयहरुः**

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ माघ १३ गते बसेको एघारौ कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र दुग्ध उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण कार्यलाई व्यवस्थित, स्वच्छ, गुणस्तरीय तथा प्रभावकारी बनाउन आवश्यक देखिएको हुँदा **"डेरी सञ्चालन सम्बन्धी कार्यविधि, २०८२"** तयार गरि पेश भएको उक्त कार्यविधिलाई सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा गाउँपालिका भित्र नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन तयार गरिएको "नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" लाई यसै बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।